# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २८ गते २०१४ साल

### पब्लिक सर्भिसकमिशनको विज्ञापन नं. ८६

डाइरेक्टर स्वास्थ्य-सेवाअन्तर्गत श्री त्रिभुवन चन्द्र डोटी औषधालयलाई एकजना सहायक वैद्य चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं.१ (२०१०) मा आफ्नो बिबरण स्पष्ट भरी फी दस्तुर मो. रु. १। सहित २०१४ साल चैत्र १३ गते रोज ४ सम्ममा तलको ठेगानामा पर्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्यादनाघी दाखिल भएका दरखास्तउपर कुनै बिचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१. पदः— सहायक वैद्य, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः— सरकार स्वीकृत आयुर्वेद विद्यालय वा बिश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सोसरह सम्मको पास भएको।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीय योग्यताः-- शास्त्री आचार्य वा सोसरह सरकारी छात्रवृत्ति-बाट पास भएको ।

४. मासिक तलबको स्केल र भत्ताः-- तलब मोरु ५०। महँगी भत्ता मोरु१० ।

५. अभ्यास (प्रोवेशन) अवधिः— ×

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिसकमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८७

डाइरेक्टर स्वास्थ्यसेवा-अन्तर्गत वीरमेल अस्पताललाई १ जना इमरजेन्सी अफिसर चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो. रु. ३। सहित २०१४ साल चैत्र १३ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला । फी दस्तुर नभएका र म्यादनाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ ।

पदको विवरण यस प्रकार छः—

१. पदः— इमरजेन्सी अफिसर, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः— एम्. बी. बी. एस ।

३. बांछनीय योग्यताः—

४. मासिक तलबको स्केल र भत्ताः— तलब मोरु १८०। महँगी भत्ता मोरु २०।

५. अभ्यास (प्रोवेशन) अवधिः— ×

आज्ञाले--
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

मुद्रण विभाग

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ८८

पब्लिक वर्क्स तथा संचार सचिवालय-अन्तरगत नहर विभागलाई एकजना अ. इ. चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं· १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो. रु ३। सहित २०१४ साल चैत्र १३ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु-होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोश्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१. पदः- असिष्टेण्ट इन्जिनीयर, गजेटेड स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- सिभिल इन्जिनीयर डिग्री पास।

३. वाञ्छनीय योग्यताः- सिंचाई योजना भेष्टीगेसन डिजाइन तथा कन्स्ट्रक्सनको काममा अनुभव।

४. मासिक तलबको स्केल र भत्ताः- तलब मोरु १८०। देखि ३६०। महँगी भत्ता मोरु २०।

५. अभ्यास (प्रोबेशन) अवधिः- ६ महिना।

६. कामः- सिंचाई योजनाको डिजाइन कन्स्ट्रक्सन आदि।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिकसर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ८९

कृषिसचिवालय-अन्तरगत एग्री इन्जिनीयर सेक्सनलाई एकजना सब ओभरसियर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फोराम नं.१ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो· रु १। सहित २०१४ साल चैत्र १३ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५८८

फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१. पदः- सब ओभरसियर, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः- सब ओभरसियर पास।
३. बांछनीय योग्यताः- अनुभवीलाई प्राथमिकता दिने।
४. मासिक तलबको स्केल र भत्ताः- तलब मोरु ७०। देखि १३०। महँगी भत्ता मोरु १२।५०
५. अभ्यास (प्रोबेशन) अवधिः-
६. कामः-

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिसकमिशन,
सिंहदरबार काठमाडौं नेपाल।

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८० बारे सूचना

विभिन्न सचिवालय-अन्तर्गत रही काम गर्ने डेभलपमेन्ट अफिसर, प्रचार अफिसर र अडिट अफिसर पदका निमित्त भएको विज्ञापन नं. ८० मा लिखित परीक्षा आगामी फाल्गुन १,२ र ३ गते हुने सूचना गरिएको थियो। कारणवश ती मितिहरूमा परीक्षा हुन नसक्ने भएकोले यो सूचना गरिएको छ।

विभिन्न पदहरूका निमित्त चाहिने न्यूनतम योग्यता, तिनका निमित्त गरिने दरखास्तको आखिरी मिति र लिखित परीक्षा हुने मितिबारे पछि रेडियो नेपालबाट र यसै पत्रमा समेत सूचना हुने हुनाले इच्छुक उमेदवारहरूले सो सूचनाको ध्यानसाथ प्रतीक्षा गर्न अनुरोध गरिन्छ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिसकमिशन,
काठमाडौं सिंहदरबार नेपाल,

---

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा।

५८६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।